आज मिति २०८१ श्रावण २ गते बिहिवारका दिन यस लिखुपिके गाउँपालिकाको अध्यक्ष श्री मिना कार्की (वस्नेत)को अध्यक्षतामा तपशील बमोजिमको कार्यपालिका सदस्यको उपस्थितिमा चालू आ.व. २०८१/०८२ को **पहिलो** गाउँ कार्यपालिकाको बैठक बसी निम्नानुसारको निर्णय गरियो।

## उपस्थिति

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मिना कार्की (वस्नेत) | अध्यक्ष | |
| २. | श्री ङ्वाङ ल्हाक्पा शेर्पा | उपाध्यक्ष | |
| ३. | श्री मिङमार गेल्जे शेर्पा | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री मणिराजा वस्नेत | २ नं. वडा अध्यक्ष | |
| ५. | श्री ध्रुववहादुर वस्नेत | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री हिक्मतवहादुर वस्नेत | ४ नं. वडा अध्यक्ष | |
| ७. | श्री डिमाछिरि लामा | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री सोममाया श्रेष्ठ | कार्यपालिका सदस्य | |
| ९. | श्री शोभादेवी लामिछाने | कार्यपालिका सदस्य | शोभा |
| १० | श्री सविता वि.क. | कार्यपालिका सदस्य | |
| ११ | श्री चित्रमाया वगाईली | कार्यपालिका सदस्य | |
| १२. | श्री निरकुमार वि.क. | कार्यपालिका सदस्य | |
| १३. | श्री मानवहादुर भुजेल | कार्यपालिका सदस्य | मान |
| १४. | श्री काजीमान राई | सचिव | |
| १५. | श्री ईश्वर प्र. राई | स.लि.प. | |

# प्रस्तावहरू

१. कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा
२. वार्षिक समिक्षा कार्यक्रम सम्बन्धमा
३. बजारका कर्मचारीको मसला, ७० सम्बन्धमा
४. समितौ सम्भार बोल कार्यक्रम सञ्चालन सम्बन्धमा।
५ भुक्तानी दायित्व सम्बन्धमा।
६. जलविद्युत आयोजनाको अनुमति सम्बन्धमा
७. सडक सहमति सम्बन्धमा।
८. स्तर वृद्धि सम्बन्धमा

१ प्रस्ताव नम्बर १ उपर छलफल गर्दा मिति २०८१ असार १३ गते बसेको २१ औं कार्यपालिका बैठकमार्फत् भएका निर्णयहरु के कति कार्यान्वयन भए र के कति भएनन् ? नहुनुका कारण के के हुन् भनेर व्यापक छलफल गरी कार्यान्वयन हुन बाँकी रहेको निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो ।

२ प्रस्ताव नम्बर २ उपर छलफल गर्दा यस गाउँपालिकाको गाउँसभा तथा कार्यपालिका बैठकको निर्णयानुसार स्वीकृत भएका योजना तथा कार्यक्रमहरुको प्रगति समिक्षा तपशीलको मिति, समय र स्थानमा गर्ने निर्णय गरियो:

(क) मिति : २०८१ श्रावण ३१

(ख) समय : बिहान ११ बजे

(ग) स्थान : गाउँपालिकाको सभाहल

३ प्रस्ताव नम्बर ३ उपर छलफल यस गाउँपालिका कार्यालय तथा मातहतका वडा कार्यालय, शाखा कार्यालयमा करार सेवामा कायरत तपशील बमोजिका कर्मचारीहरुको मिति २०८१ पौष मसान्तसम्म करार म्याद नवीकरण गर्ने निर्णय गरियो:

| | | |
|---|---|---|
| ३८ | रोशन कार्की | हे.अ |
| ३९ | गेल्मु शेर्पा | अ.न.मी. |
| ४० | कोपिला कुलुङ | अ.हे.व. |
| ४१ | शिवन्या बस्नेत | अ.न.मी. |
| ४२ | शान्ती बस्नेत | अ.न.मी. |
| ४३ | पुर्णिमा कठायत | अ.न.मी. |
| ४४ | रेजिना बस्नेत | अ.न.मी. |
| ४५ | पेम्बा ग्याल्जेन शेर्पा | कार्यालय सहयोगी |
| ४६ | शंखर बहादुर बस्नेत | कार्यालय सहयोगी |
| ४७ | सोनिया तामाङ | कार्यालय सहयोगी |
| ४८ | चन्द्र बहादुर बस्नेत | कार्यालय सहयोगी |
| ४९ | बिना खड्का | कार्यालय सहयोगी |
| ५० | बिमला राई | कार्यालय सहयोगी |
| ५१ | पुरुषोत्तम दाहाल | कार्यालय सहयोगी |
| ५२ | केशर भुजेल | कार्यालय सहयोगी |
| ५३ | राजु कार्की | कार्यालय सहयोगी |
| ५४ | प्रमिला कार्की बस्नेत | कार्यालय सहयोगी |
| ५५ | कल्याण भुजेल | कार्यालय सहयोगी |
| ५६ | जनक जङ्ग बस्नेत | कार्यालय सहयोगी |
| ५७ | राधिका बस्नेत | कार्यालय सहयोगी |
| ५८ | सन्जिब बस्नेत | कार्यालय सहयोगी |
| ५९ | शनक बहादुर बस्नेत | कार्यालय सहयोगी |
| ६० | रुपा खड्का | कार्यालय सहयोगी |
| ६१ | पुरुषोतम बस्नेत | कार्यालय सहयोगी |
| ६२ | धन बहादुर थापा | कार्यालय सहयोगी |
| ६३ | ल्हाक्पा नुर्बु शेर्पा | कार्यालय सहयोगी |
| ६४ | धिराज बस्नेत | कार्यालय सहयोगी |
| ६५ | पेम्बा तामाङ | कार्यालय सहयोगी |
| ६६ | जीवन बस्नेत | ह.स.चा. |
| ६७ | गणेश खत्री | ह.स.चा. |
| ६८ | पेमछिरी शेर्पा | ह.स.चा. |

शोभा

४ प्रस्ताव नम्बर ४ उपर छलफल गर्दा यस गाउँपालिकामार्फत् निर्माण भएका विकास निर्माणसम्बन्धी योजना तथा कार्यक्रमहरुको नियमित रुपमा मर्मत सम्भार गरी चुस्त दुरुस्त राख्नका लागि लिखुपिके गाउँपालिकाको मर्मत सम्भार कोष सञ्चालन कार्यविधि, २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

५ प्रस्ताव नम्बर ५ उपर छलफल गर्दा यस गाउँपालिकाबाट स्वीकृत भएका तपशील बमोजिमका योजना तथा कार्यक्रहरुकालाई अघिल्लो आ.व. २०८०/०८१ मा बजेट अभाव रहेको कारणले भुक्तानी दिन नसकिएको हुँदा सो योजना तथा कार्यक्रमहरुको भुक्तानी दिन बाँकी रहेको रकम चालू आ.व. २०८१/०८२ मा भुक्तानी दिने गरी दायित्व सार्ने निर्णय गरियो:

**तपशील**

| क्र.सं. | योजना तथा कार्यक्रमको नाम | रकम |
|---|---|---|
| १. | कोशी नासा-डिमारे-छ्याँगा-सामसिङ भञ्जायङ्ग सडक खण्डको १० किलोमिटर क्षेत्रको प्रारम्भिक वातावरणीय परीक्षण (IEE)) गर्ने कार्य । | |
| २. | हिमगंगा मा.वि.को भवन निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने | |
| ३. | पलिका एकीकृत सफ्टवेयर सञ्चालनको बाँकी रहेको रकम | |
| ४. | किञ्जा आमा समूह भवन निर्माण, वडा नम्बर ५ | |
| ५. | सल्लेरी जाँदा लगिएको गाडीको भाडा भुक्तानी | |
| ६. | गाउँपालिका राष्ट्रिय महासङ्घ नेपालको सदस्यता शुल्क | |
| ७. | डिमा शेर्पाको डोर हाजिरी रकमको भुक्तानी | |
| ८. | शिक्षा शाखाको कार्यक्रम सञ्चालन गरेवापतको भुक्तानी | |
| ९. | इन्टरनेटको सेवा शुल्कको अन्तिम किस्ताको भुक्तानी | |
| १०. | वडा नम्बर ४ को वडाको बजेटबाट सञ्चालित कृषी कार्यक्रमको भुक्तानी | |
| ११. | ५ वटै वडाको बाँकी रहेको प्रशासनिक खर्चहरु | |
| १२ | वडा नम्बर ५ मा कार्यरत कम्प्युटर अपरेटरको २ महिनाको तलब | |
| १३. | बाइक मर्मत र इन्धन वापतको खर्च | |

६. प्रस्ताव नम्बर ६ उपर छलफल गर्दा कोशी प्रदेश सोलुखुम्बु जिल्ला लिखुपिके गाउँपालिका वडा नम्बर १ मा अवस्थित अप्पर बुकु खोलामा पहिचान भएको ९८५ किलोवाट क्षमताको **अप्पर बुकु खोला जलविद्युत आयोजनाको विद्युत अध्ययन, सर्भेक्षण, उत्पादन, प्रशारण र वितरण**को अनुमतीका लागि श्री गगनचुम्बी इनर्जी लिमिटेडले कार्यालयमा प्रेषित गरेको निवेदनमाथि छलफल हुँदा उक्त इनर्जी लिमिटेडले पहिचान गरेको क्षेत्र 27°31'5.6"N देखि 27°31'51.6"N तथा 86°23'23.08"E 86°24'46.8"E सम्म ९८५ किलोवाट क्षमतासम्मको लागि मात्र विद्युत प्रशारण र बितरणका लागि प्रारम्भिक बातावरणीय अध्ययन प्रतिवेदन (IEE)/वातावरणीय प्रभाव मूल्याङ्कन (EIA)को अध्ययन र सर्भेक्षण गर्नका लागि मात्र अनुमती दिने निर्णय गरियो । साथै १ मेघावटदेखि माथि विद्युत उत्पादन गर्ने भएमा प्रचलित कानुनअनुसार नेपाल सरकारलाई तिर्नु, बुझाउनु पर्ने कर तथा राजश्व बुझाई उल्लखित कार्य गर्ने गराउनु पर्ने समेत जानकारी गराउने र गाउँपालिकाले दिएको अनुमतीभन्दा फरक कार्य गर्नु पर्ने भएमा सम्बन्धित कम्पनी गगनचुम्बी इनर्जी लिमिटेड नै जवाफदेही हुनेसमेत जानकारी गराउने निर्णय गरियो ।

७. प्रस्ताव नम्बर ७ उपर छलफल गर्दा यस गाउँपालिकाको स्वीकृत दरबन्दीमा कार्यरत कर्मचारी श्री कमलादेवी कडेल (सहायकस्तर चौथो, प्रशासन सेवा)को माग निवेदनअनुसार निजलाई मादि नगरपालिका सङ्खुवासभाले सरुवा भई आउन सहमतीसमेत दिइ सकेको हुँदा यस गाउँपालिकाबाट समेत सरुवा भई जानका लागि सहमती दिनु पर्ने भएकाले निज कमलादेवी कडेल सरुवा भई अन्यत्र जाँदा यस गाउँपालिकाबाट हुने सेवा प्रवाहमा कुनै कठिनाइ नहुने भएको हुँदा निजलाई सरुवा भइ जानका लागि सहमती प्रदान गर्ने निर्णय गरियो ।

८ प्रस्ताव नम्बर ८ उपर छलफल गर्दा कोशी प्रदेशको स्थानीय सरकारी सेवा ( गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ४ (५) तथा दफा २७ बमोजिम तह वृद्धिसम्बन्धी व्यवस्था कार्यान्वयनको लागि यस गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत श्री काजीमान राईको अध्यक्षतामा गठन भएको तह वृद्धि सिफारिस समितिको सिफारिस बमोजिम यस पालिकामा सहायकस्तर चौथो तह सहलेखापाल पदमा कार्यरत श्री रेखबहादुर राईलाई मिति २०८१/०४/०१ गतेदेखि नै लागू हुने गरी स्थानीय प्रशासन सेवा, लेखा समूह, सहाकस्तर चौथो तहबाट सोहि सेवा/समूहको सहायकस्तर पाँचौ तह लेखापाल पदमा तह वृद्धि गर्ने निर्णय सर्वसम्मत गरियो।